नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक २९० ● २०८३ साल असोज १० गते शनिबार ● Saturday 26, September 2026 ● सूर्योदयः बिहान ०५:४४ बजे ● सूर्यास्तः साँझ ०५:५० बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
✆ 9854028218
✆ 9802592799
✆ 9803474311
✆ 9817806395

## महानगरका सबै वडा कार्यालयबाट मालपोत तिर्न सकिने

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले नगरवासीलाई सहज रूपमा कर तिर्नसक्ने गरी सम्बन्धित वडा कार्यालयबाटै मालपोत कर संकलन गर्ने व्यवस्था लागू गरेको छ।

महानगरपालिकाले जारी गरेको सूचनाअनुसार आगामी असोज १२ गतेदेखि महानगरपालिकाका सबै वडा कार्यालयबाटै मालपोत कर संकलन गरिनेछ । नगरवासीलाई घरदैलो नजिकै सेवा उपलब्ध गराउने उद्देश्यले वडा कार्यालयबाटै कर संकलनको व्यवस्था गरिएको महानगरपालिकाले जनाएको छ।

महानगर प्रमुख राजेशमान सिंहले नगरवासीलाई अनावश्यक झन्झट नहोस् र समय तथा खर्च बचत होस् भन्ने उद्देश्यले वडा तहबाटै मालपोत कर संकलनको व्यवस्था गरिएको बताए। कर संकलनका लागि आवश्यक तयारी गर्न प्रमुख प्रशासकीय अधिकृत बसन्तबहादुर बोहराले सबै वडा कार्यालयलाई निर्देशन दिएका छन्।

महानगरपालिकाले नगरवासीलाई सम्बन्धित वडा कार्यालयबाटै मालपोत कर बुझाउन आग्रह गरेको छ।



**बागमतीमा पानीको सतह वृद्धिः** वर्षाका कारण सर्लाही र रौतहटको सिमाना भएर बग्ने बागमती नदीमा शुक्रबार बिहान बढेको पानीको सतह। पधेरे दोभान जल मापन केन्द्रका अनुसार शुक्रबार बिहान ८:३० बजे पानीको तह ४ मिटर पुगेको छ भने मापन केन्द्रका अनुसार ६ मिटर तह माथि खतरा तह मानिन्छ। तस्बिरः सिङ्गबहादुर थापा

## हतियार पुग्ने, किसानलाई मल–बीउ नपुग्ने हुनुहुन्नः प्रधानमन्त्री



**काठमाडौँ।**
प्रधानमन्त्री वालेन्द्र शाहले ७२ घण्टाभित्र संसारको जुनसुकै ठाउँमा हतियार पुर्याउन सक्ने विश्वसँग एउटा किसानलाई सम्मानजनक जीविकोपार्जनका साधनबाट वञ्चित गर्न कुनै बहाना बनाउनु नहुने बताएका छन्।

संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभालाई शुक्रबार सम्बोधन गर्दै प्रधानमन्त्री शाहले भने, ‘अन्तरमहादेशीय क्षेप्यास्त्र समयमै पुग्छन् । राइफल र गोलीगठ्ठा सबै अवरोध तोड्दै समयमै सीमा पार गर्छन् । तर नेपालका एक किसानले आवश्यकता परेको समयमा बजार मूल्यमा मल वा इन्धन खरिद गर्न सक्नुहुन्न।’

प्रधानमन्त्री शाहले जहाँ युद्धका लागि आवश्यक सामान आपूर्ति गर्न सजिलो छ, तर खाद्यान्नका लागि निकै कठिन रहेको बताए। ‘यो नेपालको मात्रै दुर्भाग्य होइन । बङ्गलादेशलाई सोध्नुहोस् । भुटानलाई सोध्नुहोस् । भारतलाई सोध्नुहोस् । माल्दिभ्सलाई सोध्नुहोस् । पाकिस्तानलाई सोध्नुहोस् । श्रीलङ्कालाई सोध्नुहोस्,’ उनले भने, ‘हाम्रो क्षेत्रका अन्य कुनै पनि देशलाई सोध्नुहोस् । तपाईंले उस्तै जवाफ पाउनुहुनेछ।’

प्रधानमन्त्री शाहले साना र गरिब देशको उपस्थिति महसुस गर्ने तथा न्यायपूर्ण परिणामका लागि सँगै काम गर्ने संयुक्त राष्ट्रसङ्घ आवश्यक रहेकामा जोड दिए। उनले भने, ‘त्यसैले जलवायु न्याय पैसाको विषय मात्रै होइन। यो खर्च कसले बेहोर्छ भन्ने वितरणात्मक न्यायको विषय हो। यो कसको आवाज सुनिन्छ भन्ने प्रक्रियागत न्यायको विषय हो। साथै पर्वतीय समुदाय, साना टापु राष्ट्र, भू–परिवेष्ठित तथा कम विकसित देश र जन्मिन बाँकी पुस्ताको भविष्यलाई समान रूपमा महत्व दिइन्छ कि दिइँदैन भन्ने विषय पनि हो।’

‘जलवायु न्याय’ संयुक्त राष्ट्रसङ्घको दस्तावेजमा सुन्दर वाक्यमा मात्र सीमित हुन नहुने उल्लेख गर्दै प्रधानमन्त्री शाहले हाम्रा देशका नागरिकहरूलाई बारम्बार विगतको पुनर्निर्माणमा संलग्न गराइनुको साटो आफ्नो भविष्य बनाउने अवसर दिइनुपर्नेमा जोड दिए।

प्रधानमन्त्री शाहले भने, ‘हिन्दूकुश हिमालय करिब दुई अर्ब नागरिकको घर हो । यी पर्वतहरूले नेपालभन्दा धेरै परसम्म रहेका जनसंख्यालाई पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जन प्रदान

बाँकी पृष्ठ ३ मा

## गुठी–कुटीका घरटहरा हटाउने प्रक्रिया रोक्न माग गर्दै प्रदर्शन




**मधेशदृष्टि**
**जनकपुरधाम।**
गुठी–कुटी घर जग्गा व्यवस्थापन महासंघर्ष समिति धनुषाले गुठी तथा कुटीको जग्गामा वर्षौंदेखि बसोबास गर्दै आएका परिवारलाई विस्थापित गर्ने गरी घरटहरा हटाउने सूचना र प्रक्रिया रोक्न माग गरेको छ।

समितिले शुक्रबार जनकपुरधाममा नगर परिक्रमा गर्दै गुठीसम्बन्धी समस्याको दीर्घकालीन समाधानको मागसहित विरोध प्रदर्शन गरेको हो। प्रदर्शनका क्रममा गुठी तथा धनुषा–३ का प्रतिनिधिसभा सदस्य मनिष झाविरुद्ध नाराबाजी गर्दै समितिले जिल्ला प्रशासन कार्यालय धनुषा, जनकपुरधाम उपमहानगरपालिका र गुठी कार्यालय जनकपुरधाममा पुगेर ज्ञापनपत्र बुझाएको छ।

समितिका अनुसार गुठी संस्थान केन्द्रीय कार्यालयको २०८२ जेठ २२ गतेको निर्णय तथा त्यसअनुसार धनुषामा गठित समितिले तयार पारेको प्रतिवेदनका आधारमा ऐतिहासिक पोखरी, मठमन्दिर, पाटीपौवा तथा गुठी तैनाथी जग्गाको पहिचान र व्यवस्थापन प्रक्रिया अघि बढाइएको छ ।

बाँकी पृष्ठ ३ मा

## कमलामा जोखिम बढ्न सक्ने धनुषामा उच्च सतर्कता



**मधेशदृष्टि**
**जनकपुरधाम।**
लगातार भइरहेको वर्षाका कारण कमला नदी तथा आसपासका तटीय क्षेत्रमा जोखिम बढ्न सक्ने भन्दै जिल्ला प्रशासन कार्यालय धनुषाले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

असोज ८ देखि ११ गतेसम्म वर्षा हुने पूर्वानुमान रहेकाले नदीको जलस्तर बढ्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै प्रशासनले नदी तथा तटीय क्षेत्रमा विशेष निगरानी बढाएको हो। जिल्ला विपद् कमाण्ड पोस्टका अधिकारी, स्थानीय तहका प्रमुख तथा प्राविधिक कर्मचारीसहितको टोलीले कमला नदी र आसपासका तटीय क्षेत्रको स्थलगत अनुगमन गरेको छ । अनुगमनका क्रममा नदीको वर्तमान अवस्था, सम्भावित जोखिम तथा विपद् आइपरे तत्काल अपनाउनुपर्ने पूर्वतयारीबारे छलफल गरिएको सिँचाइ मन्त्रालयका वरिष्ठ इन्जिनियर सुरेशकुमार मण्डलले जानकारी दिए।

उनका अनुसार सम्भावित

बाँकी पृष्ठ ३ मा

## रामजानकी रंगशालालाई बहुवर्षीय बजेट



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा प्रस्तावित रामजानकी रंगशाला निर्माणको काम यसै आर्थिक वर्षदेखि अघि बढाउने गरी बहुवर्षीय बजेट सुनिश्चित गर्ने निर्णय भएको छ।

रंगशाला निर्माणका लागि हरेक वर्ष २५ करोड रुपैयाँका दरले बजेट विनियोजन गर्दै निर्माण प्रक्रिया अघि बढाइने भएको हो। बहुवर्षीय बजेट सुनिश्चित भएसँगै लामो समयदेखि चर्चामा रहेको रंगशाला निर्माणले अब भौतिक रूपमै गति लिने अपेक्षा गरिएको छ।

धनुषा–३ का सांसद मनिष झाले जनकपुरधामको विकास र यहाँका युवाको आवश्यकतालाई प्राथमिकतामा राखेर रामजानकी रंगशाला निर्माणको प्रतिबद्धता कार्यान्वयनको चरणमा पुगेको बताए।

उनका अनुसार रंगशाला निर्माणका लागि बहुवर्षीय बजेट सुनिश्चित हुनु जनकपुरधामका युवाका लागि महत्वपूर्ण

बाँकी पृष्ठ ३ मा



सम्पादकीय

# नेपालद्वारा विश्वमा मानवताका मुद्दामा ध्यानाकर्षण

संयुक्त राष्ट्रसंघीय महासभाको ८१ औँ बैठकमा नेपालका प्रधानमन्त्री बालेन्द्र शाहले प्रस्तुत गरेको सम्बोधन केवल औपचारिकतामा सीमित रहेन, यसले युद्ध र विभाजनको भुमरीमा अल्झिएको विश्वसामु मानवता र सहअस्तित्वको बलियो सन्देश प्रवाह गरेको छ। वर्तमान विश्व राजनीति शक्ति सङ्घर्ष, आर्थिक असमानता र भू–राजनीतिक तनावले आक्रान्त बनेको समयमा बुद्ध र हिमालको देशबाट गुञ्जिएको यो आवाजले अन्तर्राष्ट्रिय मञ्चमा अलग्गै तरङ्ग पैदा गरेको छ। प्रधानमन्त्री शाहको स्पष्ट र निर्भीक दृष्टिकोणले नेपाललाई विश्व मानचित्रमा सार्वभौमसत्ता सम्पन्न, स्वाभिमानी र न्यायको पक्षधर राष्ट्रका रूपमा पुनः स्थापित गर्न महत्त्वपूर्ण योगदान पु¥याएको छ।
सम्बोधनको मुख्य चुरो मानवतावादी दर्शन र विश्व शान्तिको अपरिहार्यतामा केन्द्रित थियो। अस्त्र–शस्त्रको होडबाजी र युद्धको नाममा अर्बौँ डलर स्वाहा भइरहँदा विश्वका करोडौँ मानिसहरू भोक, अशिक्षा र गरिबीसँग जुधिरहेको कठोर यथार्थलाई प्रधानमन्त्री शाहले निडरताका साथ उजागर गरे। शक्ति राष्ट्रहरूलाई सामरिक प्रभुत्व त्यागेर मानव कल्याण र जीवन रक्षाका क्षेत्रमा स्रोत–साधन केन्द्रित गर्न उनले गरेको आह्वान समयसान्दर्भिक र गम्भीर छ। शान्ति स्थापनाका लागि बहुपक्षीयता र आपसी संवाद नै एक मात्र विकल्प हो भन्ने सन्देशले विश्व समुदायलाई आत्मसमीक्षा गर्न बाध्य बनाएको छ।

जलवायु परिवर्तनको मारमा परेका नेपालजस्ता अतिकम विकसित तथा भूपरिवेष्टित राष्ट्रहरूको आवाजलाई पनि सम्बोधनले सशक्त रूपमा प्रतिनिधित्व गरेको छ। नगण्य कार्बन उत्सर्जन गर्ने तर जलवायु विपद्को सबैभन्दा ठूलो मूल्य चुकाउनुपर्ने हिमाली देशहरूको अन्यायपूर्ण स्थितिलाई विश्वमञ्चमा उजागर गर्दै 'जलवायु न्याय' को माग गरियो। हिमाल पग्लेर सिर्जना हुने संकट केवल नेपालको मात्र नभई पूरै मानव सभ्यताको संकट भएको स्पष्ट पार्दै विकसित र ठूला प्रदूषक राष्ट्रहरूलाई आफ्नो दायित्वप्रति जवाफदेही बन्न र प्रतिबद्धता अनुसारको क्षतिपूर्ति तथा सहयोग उपलब्ध गराउन दिएको चेतावनी तर्कपूर्ण छ।

यसपटकको सम्बोधनमा परम्परागत कूटनीतिक ढर्राभन्दा पर हटेर नयाँ पुस्ताको नेतृत्वदायी सोच, स्पष्टता र व्यावहारिक दृष्टिकोणको झलक देखिन्थ्यो। नेपाललाई केवल वैदेशिक सहायताको याचकका रूपमा नभई समृद्ध प्राकृतिक स्रोत, युवा जनशक्ति र मौलिक सभ्यता भएको स्वाभिमानी साझेदारका रूपमा प्रस्तुत गरिनु कूटनीतिक दृष्टिकोणमा आएको सकारात्मक परिवर्तन हो। सुशासन, पारदर्शिता र नवप्रवर्तनलाई राष्ट्रिय विकासको मूलधारमा ल्याउँदै विश्वव्यापी चुनौतीसँग जुध्न सकिने उनको तर्कले साना र उदीयमान राष्ट्रहरूलाई समेत आत्मबल प्रदान गरेको छ।

अन्तर्राष्ट्रिय मञ्चमा सुनिएका यी ओजस्वी शब्दहरूलाई अब व्यावहारिक परिणाममा बदल्नु नेपालको कूटनीतिक संयन्त्र र नेतृत्वको प्रमुख दायित्व हुनेछ। विश्वभर छरिएको मानवताको सन्देशले नेपालको अन्तर्राष्ट्रिय साख र प्रतिष्ठालाई त बढाएको छ नै, साथै यसले देशभित्र पनि आन्तरिक सुशासन र समृद्धिको यात्रालाई अझ सशक्त बनाउन दबाब सिर्जना गरेको छ। संयुक्त राष्ट्रसंघको ८१ औँ महासभामा व्यक्त यी विचारहरूलाई विश्व समुदायले आत्मसात् गर्न सके मात्र एउटा सुरक्षित, शान्त र समतामूलक विश्वको निर्माण सम्भव हुनेछ।

# 'जलवायु न्याय' संयुक्त राष्ट्रसङ्घको दस्तावेजमा मात्र सीमित हुन हुँदैन



–बालेन्द्र शाह

म यहाँ तपाईंहरूसामु हिमालयमा रहेको एउटा टाढाको देश नेपालका तर्फबाट मानवतालाई नजिकैदेखि दिइरहेको चेतावनी लिएर आएको छु। आज म यहाँ विकास, लोकतन्त्र, शान्ति र एउटा राष्ट्रको आशाबारे मात्रै बोल्न चाहन्थेँ। तर, त्यसको सट्टा, म मृत्यु र अकल्पनीय विनाशबारे बोल्छु। ती परिवारबारे जो कहिल्यै घर नफर्कने आफ्ना प्रियजनलाई पर्खिरहेका छन्। ती समुदायबारे जसले लेदो, ढुङ्गामाटो, पानीभित्र आफ्ना मानिसको खोजी गरिरहेका छन्, जसको शरीर अब कहिल्यै नभेटिन सक्छ। ती पुल, सडक, विद्यालय, घर र जीविकोपार्जनका माध्यम निमेषभरमै बगेर गए। एउटा देशबारे जसले दिगो विकासको लक्ष्य हासिल गर्ने दिशामा निरन्तर प्रगति गरिरहेको थियो त्यसमा अवरोध पुगेको छ।

चार साताअघि विश्वले नेपालको हिमाली समुदायमा तीव्रताका साथ आएको विनाशकारी बाढीको भयावह दृश्य देख्यो, जसलाई धेरैले 'हिमालयन सुनामी' भनेका छन्। भोटेकोशी–त्रिशूली नदी आसपासका क्षेत्रमा भएको विपद् स्थानीय त्रासदी मात्रै थिएन, यो विश्वका लागि एउटा चेतावनी पनि थियो। र, म आज तपाईंहरुसँग सोध्छु– के हामीले साँच्चै त्यो चेतावनी सुनेका छौँ?

करिब तीन वर्षअघि, संयुक्त राष्ट्रसङ्घका महासचिवले हाम्रो सगरमाथा क्षेत्रमा उभिएर नजिकिँदै गरेको जलवायु विपत्तिको भयावह अवस्थाबारे मानवतालाई चेतावनी दिनुभएको थियो। विश्वको छानोबाट आएको त्यो चित्कार बुलन्द रूपमा सुनिएन। हामीले नेपालमा सुन्यौँ, हाम्रो समुदायले सुन्यो। विश्वभरका वैज्ञानिकले सुने। उनीहरूले प्रमाणसहित त्यसलाई दोहो¥याइरहे। तर हामी, विश्वका राजनीतिक नेतृत्वले त्यो चेतावनीलाई जोखिममा रहेका मानिसको आवश्यकताअनुसार तीव्र गतिमा कार्यान्वयनमा बदल्न बेवास्ता ग¥यौँ। त्यसको दुःखद् परिणाम हामीले गत महिना भोग्यौँ।

तातिँदै गरेको जलवायुले नाजुक हिमालयको पारिस्थितिक प्रणालीलाई अस्थिर बनाएको छ। हिउँले जमेको माटो पग्लिँदा हिमालको भिरालो भू–भागमा चिरा परेका छन्। हिमचट्टानसहितको पहिरो, बाढीलगायत शृङ्खलाबद्ध जोखिम बढिरहेका छन्।

परिणामस्वरुप यस विनाशले नेपाल–चीन सीमाका दुवैतर्फको भू–भागमा ठूलो क्षति पुर्यायो। बाढी निरन्तर भारततिर बग्दै गयो। यसले हामीलाई एउटा आधारभूत कुरा बताउँछ। जलवायु परिवर्तनले सीमा चिन्दैन। हिमनदी र बाढी 'पासपोर्ट'मा 'भिसा' लगाएर यात्रा गर्दैनन्।

म, यहाँ गुनासो गर्न होइन, केही सुझाव साझा गर्न आएको हुँ। सर्वप्रथम, विपत्तिपछि नेपाललाई सहयोग गर्न आउने सबैप्रति गहिरो कृतज्ञता व्यक्त गर्दछु। हाम्रा छिमेकी मुलुक भारत र चीनले तत्कालै र खुला हृदयका साथ सहयोग गरे। अन्य मित्रराष्ट्रहरू, संयुक्त राष्ट्रसङ्घीय प्रणाली, मानवीय सहायता प्रदायक संस्था, परोपकारी संस्था तथा विश्वभरका मानिस नेपालसँगै उभिनुभयो। म उहाँहरु सबैलाई नेपाली जनताका तर्फबाट कृतज्ञतासहित धन्यवाद भन्न चाहन्छु।

नेपालले अहिले पुनःस्थापना र पुनर्निर्माणको विशाल कार्यको सामना गरेको छ। कम्तीमा एक हजार ४०० जनाको मृत्यु भएको पुष्टि भइसकेको छ भने छ हजारभन्दा बढी मानिस अझै बेपत्ता छन्। हाम्रो द्रुत क्षति आकलनअनुसार अब भौतिक पुनःस्थापनाका लागि नेपालको कुल गार्हस्थ उत्पादन (जिडिपी)को १० प्रतिशत आवश्यक देखिन्छ।

सन् २०१५ मा नेपालमा गएको 'गोरखा भूकम्प'पछिको पुनर्निर्माणमा जस्तै यसपटक पनि हामी ऐक्यबद्धतासहित तपाईंहरूको सहयोगको अपेक्षा गर्छौं। तर, यो विपद् नेपालबाहेकका लागि पनि किन अर्थपूर्ण छ भन्ने हामीले बुझ्नुपर्छ। विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा कम छ। यो सङ्कट हामीले सिर्जना गरेका होइनौँ। तर, यसको ठूलो मूल्य हामीले चुकाइरहेका छौँ। हाम्रा हिमनदी खुम्चिँदै गएका छन्। हाम्रा हिमालका भिराला भू–भाग अस्थिर बन्दै गएका छन्। हाम्रा नदी पूर्वानुमान गर्न नसकिने अवस्थामा पुगेका छन्। प्रत्येक ठूला विपद्ले हामीले वर्षौं लगाएर निर्माण गरेका विकासका पूर्वाधारलाई ध्वस्त बनाउने चेतावनी दिइरहेका छन्। नेपालका लागि जलवायु विपद् मानवीय घटना मात्रै होइन, विकासको सङ्कट पनि हो। यसले सडक, पुल, विद्यालय, घर, खेतीयोग्य जमिन र जीविकोपार्जनका माध्यमलाई क्षति पु¥याउँछ। यसले गरिब देशले गरेको नगन्य गल्तीबाट भएको क्षतिको भरपाइका लागि ठूलो ऋण लिन बाध्य बनाउँछ।

हामी कुनै देश वा महादेशलाई दोष दिन यहाँ आएका होइनौँ। हामी जलवायु परिवर्तनलाई अर्को भू–राजनीतिक युद्धभूमिमा परिणत गर्न पनि यहाँ आएका होइनौँ। हामी यहाँ सबैलाई आफ्नो जिम्मेवारी र ऐक्यबद्धतामा पुनःप्रतिबद्ध हुन आग्रह गर्न आएका हौँ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धिमार्फत अन्तरराष्ट्रिय समुदायले साझा तर फरकफरक जिम्मेवारी तथा आ–आफ्नो क्षमताको सिद्धान्तमा पहिले नै सहमति जनाइसकेको छ। जसले ऐतिहासिक रूपमा समस्यामा बढी योगदान गरेका छन् र जोसँग प्रतिक्रिया जनाउने बढी क्षमता छ, उनीहरूले बढी गर्नुपर्छ।

'जलवायु न्याय' संयुक्त राष्ट्रसङ्घको दस्तावेजमा सुन्दर वाक्यमा मात्र सीमित हुनुहुँदैन। हाम्रो देशका मानिसलाई बारम्बार पुनर्निर्माणमा संलग्न गराइनुको साटो आफ्नो भविष्य बनाउने अवसर दिइनुपर्छ।

हिन्दूकुश हिमालय करिब दुई अर्ब मानिसको घर हो। यी पर्वतले नेपालभन्दा धेरै परसम्म रहेका जनसंख्यालाई पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जन प्रदान गर्छन्। हिमालय पृथ्वीको छेउमा रहेको भू–भाग मात्रै होइन, यो पृथ्वीको जीवन–सहयोग प्रणालीको महत्वपूर्ण हिस्सा पनि हो।

त्यसैले पहिलो आकस्मिक कदमका रूपमा नेपाल, भारत र चीनको नेतृत्वमा हिमालय जलवायु उत्थानशीलता संयन्त्र स्थापना गर्न हामी प्रस्ताव गर्छौं। यस संयन्त्रमार्फत हामी भू–उपग्रहसम्बन्धी तथ्याङ्क र विशेषज्ञता साझा गरौँ। जोखिमयुक्त हिमतालको अनुगमन गरौँ। संयुक्त पूर्वसूचना प्रणालीलाई सुदृढ बनाऔँ। र, जब विपद् आउँछ, सीमापार सहयोगलाई समन्वय गरौँ।

हिमालयलाई छरिएका सूचनाभन्दा अन्तरराष्ट्रिय सहयोगको एउटा प्रयोगशाला बनाऔँ। नेपाल एउटा अतिकम विकसित देश भएर पनि यस देशले आफ्नो पारिस्थितिक हिस्साभन्दा धेरै ठूलो वैश्विक भूमिका निर्वाह गरिरहेको छ। हामीले आफ्नो भू–भागको करिब आधा हिस्सा ढाक्नेगरी वन क्षेत्र विस्तार गरेका छौँ। आफ्ना स्वच्छ ऊर्जाको आवश्यकता पूरा गर्न र बाहिरबाट आएको प्रदूषणको स्रोतलाई विस्थापित गर्न तीव्रगतिमा जलविद्युत् आयोजना विकास गरिरहेका छौँ। युरोपका केही भूभागसँग तुलना गर्न मिल्ने दरमा विद्युतीय सवारीसाधनको प्रयोगलाई प्रवद्र्धन गरिरहेका छौँ। स्थानीय तहमा जलवायु अनुकूलनलाई सुदृढ बनाइरहेका छौँ। दोहोरिरहने जलवायु विपद्को सामना गर्न अझ बढी कदम चाल्नेछौँ। तर नेपाल एक्लैले विश्वव्यापी शासन व्यवस्थाको असफलताबाट सिर्जित सङ्कटविरुद्ध उत्थानशीलता निर्माण गर्न सक्दैन।

त्यसैले यस महासभाले यी छ शब्दलाई ध्यान दिनुपर्छः राहत, पुनःस्थापना, पुनर्निर्माण, जिम्मेवारी, क्षतिपूर्ति र उत्थानशीलता। यसमा पहिला तीन वटा विपद्पछि हामीलाई आवश्यक पर्छन्। पछिल्ला तीन वटा विपद्लाई स्थायी अवस्थाका रूपमा परिणत हुन नदिन हामीलाई आवश्यक पर्छन्। जब जलवायुजन्य विपद्ले गरिब देशको पूर्वाधार नष्ट गर्छ, त्यसको उत्तर अर्को ठूलो ऋण वा टुक्रे अनुदान मात्र हुन सक्दैन।

हामीलाई विश्वबाट अनुदानमा आधारित पर्याप्त सहयोग आवश्यक छ। क्षति तथा नोक्सानी कोष, विश्वव्यापी वातावरणीय सुविधा र अन्य सम्बन्धित वित्तीय संयन्त्र अझै अपर्याप्त छन्। जलवायु वित्त यस्तो कर्मचारीतन्त्रको जाल बन्नु हुँदैन, जसबाट कमजोर देशले आफूलाई आवश्यक सहयोगका लागि वर्षौंसम्म प्रमाणित गर्नुपरोस्। जब घरमा आगो लाग्छ, तब हामी परिवारलाई ५० वटा फाराम भर्न लगाउँदैनौँ। हामी काम गर्छौं। जलवायु न्यायको अर्थ पनि यही हुनुपर्छ।

यसले मलाई एउटा ठूलो प्रश्नतर्फ जोड्छ। हामी कस्तो अन्तरराष्ट्रिय व्यवस्था चाहन्छौँ? संयुक्त राष्ट्रसङ्घ, मानवताले भोगेको भयावह विश्वयुद्धको अनुभवबाट जन्मिएको हो। यसको वाचा सार्वभौमिकता महत्वपूर्ण हुन्छ भन्ने थियो। अन्तरराष्ट्रिय कानुन महत्वपूर्ण हुनेछ। हरेक मानवको गरिमा महत्वपूर्ण हुनेछ। कमजोरले शक्तिशालीले जे निर्णय गर्छन्, त्यो मात्र स्वीकार गर्नुपर्ने छैन। आज त्यो अन्तरराष्ट्रिय प्रणाली दबाबमा छ। धेरैपटक सैन्य र आर्थिक शक्तिले कसको आवाज सुनिन्छ भन्ने निर्धारण गर्छ। नेपाल निष्पक्ष विश्वव्यापी आर्थिक व्यवस्थामा विश्वास गर्छ।

सन् १९९४ मा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको मानव विकास प्रतिवेदनले 'मानवीय असुरक्षा'को अवधारणा अघि सारेको थियो। यसले सुरक्षालाई भू–भागभन्दा मानिससँग र हतियारभन्दा विकाससँग जोडेको थियो। यसले डर र अभावबाट स्वतन्त्रता सुनिश्चित गर्न शान्तिको लाभांश प्रयोग गर्न आह्वान गरेको थियो।

गत मार्चमा नेपालमा इतिहासकै सबैभन्दा निष्पक्ष र शान्तिपूर्ण निर्वाचन भयो। त्यसबाट निर्वाचित बहुमतको सरकारले त्यसयता धेरै अन्तरराष्ट्रिय प्रतिकूलताको सामना गर्नुपरेको छ। जब नेपालका एक गरिब किसानले यस मनसुनमा आफ्नो खेतमा बीउ छर्न खोज्नुभयो, समयमै मल पाउनुभएन। जब राजमार्गमा कालोपत्र गर्न खोज्यौँ, 'बिटुमिन' पाएनौँ। जब परिवारले साँझको खाना पकाउन खोज्यो, त्यसबेला खाना पकाउने इन्धन भएन।

एकातिर हिमनदी पग्लिरहेका छन् र बाली उत्पादन घटिरहेको छ, बिना चेतावनी बाढी आइरहेको छ। अर्कोतिर, विश्वव्यापी आपूर्ति शृङ्खलाले गरिब मानिसलाई उनीहरूको आफ्नो नियन्त्रणभन्दा बाहिरका कारणका लागि सजाय दिइरहेको छ। अन्तरमहादेशीय क्षेप्यास्त्र समयमै पुग्छन्। राइफल र गोलीगठ्ठा सबै अवरोध तोड्दै समयमै सीमा पार गर्छन्। तर नेपालका एक किसानले आवश्यकता परेको समयमा बजार मूल्यमा मल वा इन्धन खरिद गर्न सक्नुहुन्न।

हामीले यस्तो संसार बनाएका छौँ, जहाँ युद्धका लागि आवश्यक सामान आपूर्ति गर्न सजिलो छ, तर खाद्यान्नका लागि निकै कठिन छ। यो नेपालको मात्रै दुर्भाग्य होइन। बङ्गलादेशलाई सोध्नुहोस्। भुटानलाई सोध्नुहोस्। भारतलाई सोध्नुहोस्। माल्दिभ्सलाई सोध्नुहोस्। पाकिस्तानलाई सोध्नुहोस्। श्रीलङ्कालाई सोध्नुहोस्। हाम्रो क्षेत्रका अन्य कुनै पनि देशलाई सोध्नुहोस्। तपाईंले उस्तै जवाफ पाउनुहुनेछः हामीले नतताएको जलवायुबाट प्रभावित र सुरु नगरेका युद्धबाट फेरि प्रभावित। यसले हामीलाई वर्तमान विश्वव्यापी सहकार्यको व्यवस्थामा देखिएको भन्दा धेरै कुरा बिग्रिएको छ भन्ने स्पष्ट पार्छ।

मलाई भनिएको छ, म यो वर्ष यस महासभालाई सम्बोधन गर्ने सबैभन्दा कान्छो सरकार प्रमुख हुँ। तर, मैले यहाँ यसलाई मुख्य कथा बनाउन आएको होइन। यहाँ यस मञ्चबाट जे–जति कुरा भनिए पनि म एउटा कुरा स्पष्ट रूपमा भनियोस् भन्ने सुनिश्चित गर्न आएको हुँः भुक्तानी गर्न तयार रहेको देशले खरिद गर्न सक्षम हुनुपर्छ र ७२ घण्टाभित्र संसारको जुनसुकै ठाउँमा हतियार पु¥याउनसक्ने विश्वसँग एउटा किसानलाई सम्मानजनक जीविकोपार्जनका साधनबाट वञ्चित गर्न कुनै बहाना बनाउनु हुँदैन। हामी बहुपक्षीयतामा विश्वास गरिरहन्छौँ। यसैले हामीलाई यस्तो संयुक्त राष्ट्रसङ्घ आवश्यक छ, जहाँ साना र गरिब देशको उपस्थिति महसुस होस् र हामी न्यायपूर्ण परिणामका लागि सँगै काम गर्न सकौँ। त्यसैले जलवायु न्याय पैसाको विषय मात्रै होइन। यो खर्च कसले बेहोर्छ भन्ने वितरणात्मक न्यायको विषय हो। यो कसको आवाज सुनिन्छ भन्ने प्रक्रियागत न्यायको विषय हो। साथै पर्वतीय समुदाय, साना टापु राष्ट्र, भू–परिवेष्ठित तथा कम विकसित देश र जन्मिन बाँकी पुस्ताको भविष्यलाई समान रूपमा महत्व दिइन्छ कि दिइँदैन भन्ने विषय पनि हो। संयुक्त राष्ट्रसङ्घमा भोलिदेखि आयोजना हुने 'सगरमाथादेखि समुद्रसम्म' साइड–इभेन्टबाट नेपाल यो संवादको नेतृत्व गर्न सहयोग गर्न तयार छ।

हामी अहिले गहिरो विश्वव्यापी अनिश्चितताको मोडमा उभिएका छौँ। नयाँ पुस्ताको चाहना प्रतिबिम्बित गर्ने ताजा लोकतान्त्रिक जनमतका साथ यस महासभामा उपस्थित भएका छौँ। हाम्रा युवाले इमानदारी र जवाफदेहिताको राजनीति माग गरेका छन्। यो पुस्तान्तरण राष्ट्रिय विषय मात्रै होइन। यो द्वन्द्व, असमानता र न्यून अवसरविरुद्ध विश्वव्यापी जागरणको हिस्सा पनि हो। म नेतृत्वको सरकार एउटा यस्तो राज्य निर्माणमा प्रतिबद्ध छ। जहाँ मर्यादित रोजगारी, सामाजिक सुरक्षा र प्रत्येक नेपालीलाई आफ्नै घरमा बस्ने चाहना पूरा गर्ने अवसर प्राप्त हुनेछ।

नेपालमा गएको बाढीले बढ्दो चरम मौसमी घटनाबाट आकार लिने भविष्यको सङ्केत गर्छ। त्यसैले हामीले तत्कालको उपाय छाडेर दीर्घकालीन पूर्वतयारीको दिशातर्फ अघि बढ्ने संस्कृतिको विकास गर्नुपर्छ। हामी उत्थानशीलताका लागि वित्तीय व्यवस्था र बिमा तथा नवप्रवर्तनमा लगानी गरौँ। अझ बलियो पूर्वाधार र संस्था निर्माण गरौँ। जीवाश्म इन्धनको निर्भरता घटाऔँ। चेतावनी दिने, सचेत गराउने र जीवन बचाउने प्रणाली निर्माण गरौँ। कमजोरलाई सबैभन्दा कम शक्ति दिने व्यवस्थामा सुधार गरौँ। जब विश्वको छानोबाट अर्को चेतावनी आउँछः त्यो सुन्न तयार रहौँ, र त्यसैअनुसार काम गर्न पनि तयार रहौँ।
*भगवान् पशुपतिनाथले विश्वको कल्याण गरून्।*
*यो विश्व बुद्धले देखाएको बाटोमा हिँड्न सकोस्।*

# जलवायु–जोखिम र न्यायका विषय गहकिलो रुपमा विश्व मञ्चमा प्रस्तुत

**प्रकाश सिलवाल र भीष्मराज ओझा/रासस**

काठमाडौँ।
प्रधानमन्त्री वालेन्द्र शाहबाट संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभालाई शुक्रबार भएको सम्बोधन जलवायु परिवर्तनबाट बढ्दो जोखिमलाई विश्व समुदाय समक्ष गहकिलो ढङ्गले प्रस्तुत भएको परराष्ट्र मामिलाका विज्ञहरूको प्रतिक्रिया रहेको छ।

प्रधानमन्त्री शाहले भोटेकोशी–त्रिशूली विपद्लाई नेपालमा मात्र सीमित घटना नभई विश्वका लागि जलवायु सङ्कटको चेतावनीका रूपमा प्रस्तुत गर्नुले नेपालले भोगेको तत्कालको समस्या उजगार हुन सफल भएको उहाँहरुको भनाइ छ।

प्रधानमन्त्री शाहले नेपालले भोगिरहेको असरलाई 'हिमाली सुनामी' का रुपमा चिह्न थालिएको विषय पनि उठाउनुभएको थियो। गत भदौ १० गते रसुवाको भोटेकोशी हुँदै आएको विनासकारी बाढीका कारण नेपालमा ठूलो मानवीय तथा भौतिक क्षति पुगेको विषय महासभामा 'इमिडियट रिफ्लेक्ट' भएकाले समग्रमा प्रधानमन्त्री शाहको सम्बोधन सकारात्मक रहेको पूर्वपरराष्ट्रमन्त्री एवं कूटनीतिज्ञहरूको टिप्पणी छ।

पूर्वपरराष्ट्रमन्त्री एनपी साउदले जलवायु परिवर्तनको जोखिमका बारेमा प्रधानमन्त्री शाहले विश्व मञ्चमा उठाउनुभएको विषय सान्दर्भिक र प्रभावकारी भएको प्रतिक्रिया दिनुभयो। उहाँले विश्वव्यापी तापक्रम वृद्धि (ग्लोबल वार्मिङ) र जलवायु परिर्वनका असरका बारेमा कुनै एक देशको प्रयत्नले मात्र सम्भव नहुने भएकाले सामूहिक प्रयासको आवश्यकताबारे प्रधानमन्त्री शाहले जोड दिएको विषय महत्वपूर्ण भएको बताउनुभयो।

'हामी सरकामा हुँदा खासगरी म परराष्ट्रमन्त्री हुँदा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमण भएको समयमा हामीले उहाँलाई जलवायुको प्रत्यक्ष असर देखिएका सगरमाथा र अन्नपूर्ण क्षेत्रमा अवलोकन गराएका थियौँ' पूर्वमन्त्री साउदले भन्नुभयो, 'महासचिव गुटेरेसले जलवायु परिवर्तनको विषय कुनै एक देशको मात्रै चासो र चिन्ता मात्र नभई विश्वको साझा सवाल भएको त्यसबेलै ध्यानाकर्षण गराउनुभएको थियो। ती सवालहरू आज झन् सन्दर्भिक देखिएका छन्। प्रधानमन्त्री शाहको सम्बोधनमा यसलाई थप बल पुगेको छ।'

विश्व व्यवस्थामा गरिबी निवारण र शान्ति कायम गर्ने सन्दर्भमा राष्ट्र सङ्घको भूमिका अझ प्रभावकारी हुनुपर्ने उल्लेख हुनु पनि सकारात्मक भएको पूर्वमन्त्री साउदको भनाइ छ। राससससँग कुरा गर्दै पूर्वमन्त्री साउदले सम्बोधनका अन्तिममा प्रधानमन्त्री शाहले उल्लेख गर्नुभएको 'पशुपतिनाथले विश्वको रक्षा गरुन् र बुद्धको सन्देशमा विश्व हिँडोस्' भन्ने सन्दर्भलाई मुलुकको सांस्कृतिक र आध्यात्मिक विषयसँग जोडेर सकारात्मकरुपमा हेर्न सकिने विचार व्यक्त गर्नुभयो।

त्रिभुवन विश्वविद्यालय, अन्तरराष्ट्रिय सम्बन्ध विभागका पूर्वप्रमुख प्रा. डा. खड्गबहादुर केसीले प्रधानमन्त्री शाहले आज गर्नुभएको सम्बोधनले भोटेकोशी–त्रिशूली बाढी तथा जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको सङ्कटलाई विश्वमञ्चमा प्रभावकारी रूपमा प्रस्तुत भएको बताउनुभयो। प्रधानमन्त्री शाहले महासभामा नेपालमा हालै आएको विनाशकारी बाढीलाई जलवायु परिवर्तनसँग जोड्दै जलवायु न्याय, अन्तरराष्ट्रिय सहकार्य र विपद् प्रतिरोधी क्षमता निर्माणमा जोड दिनुभएको थियो। उहाँले नेपाल, भारत र चीनको नेतृत्वमा हिमाली जलवायु प्रतिरोधी संयन्त्र स्थापना गर्न प्रस्तावसमेत गर्नुभयो।

विश्वविद्यालय अनुदान आयोगका अध्यक्षसमेत रहनुभएका प्रा.डा. केसीका अनुसार सम्बोधनमा भोटेकोशी बाढी र जलवायु परिवर्तनको मारमा नेपाल परेको विषयमा तत्कालीन अवस्थाको प्रत्यक्ष अनुभूति र मानक दृष्टिकोण विश्व समुदाय समक्ष प्रस्तुत भएको छ। जलवायु अनुकूलनका लागि नेपाल, भारत र चीनबीच त्रिपक्षीय संयन्त्र निर्माण तथा बहुपक्षीय विश्व सहकार्यको प्रस्ताव आउनु महत्वपूर्ण रहेको उहाँको भनाइ छ। 'आधारभूत तहका मानिसका लागि पनि विश्व व्यवस्था र प्रणाली परिचालित हुनुपर्छ भन्ने सन्देश पनि सम्बोधनमा आएको छ' प्रा. डा. केसीले भन्नुभयो, 'विश्व मञ्चमा नेपालको गहकिलो उपस्थिति भएको छ। बहुपक्षीयताप्रति हाम्रो पुरानै प्रतिबद्धता हो, त्यसलाई अझ गहकिलो प्रतिबद्धता व्यक्त भएको छ।'

उहाँले प्रधानमन्त्री शाहको सम्बोधनले 'साउथ र ग्लोबल नर्थ'बीचको सहकार्य तथा विकासशील र कमजोर मुलुकका आवाजलाई समेत विश्वमञ्चमा पु¥याएको बताउँदै जलवायु परिवर्तनको असर नेपालजस्ता मुलुकले भोग्नुमा ऐतिहासिक रूपमा बढी कार्बन उत्सर्जन गर्ने धनी तथा विकसित मुलुकको जिम्मेवारीसमेत रहेको विषय सम्बोधनमा स्पष्ट रूपमा उठाइएको डा केसीको विश्लेषण छ। प्रधानमन्त्री शाहले जलवायु परिवर्तनका कारण हिमाली पारिस्थितिक प्रणालीमा जोखिम बढिरहेको, यसबाट हिमपहिरो, बाढी, पहिरोलगायतका विपद् बढ्नसक्ने र यसको असर सीमापारसम्म पर्ने उल्लेख गर्नुभएको थियो। उहाँले जलवायु वित्त, क्षति तथा नोक्सानीका लागि उपलब्ध कोष र अन्य वित्तीय संयन्त्रलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभएको थियो। यद्यपि, प्रधानमन्त्री शाहको सम्बोधनमा प्रयोग भएको 'योङ नेसन्स' भन्ने शब्दावली भने सान्दर्भिक नभएको प्रा.डा. केसीले बताउनुभयो। 'हामी त विश्वमै पुरानो सभ्यता भएको मुलुक हौं' उहाँले भन्नुभयो।

प्रधानमन्त्री शाहले संयुक्त महासभालाई सम्बोधन गर्दा आराध्यदेव पशुपतिनाथ र शान्तिका अग्रदूत बुद्धलाई स्मरण गर्नुले यसबाट विश्व शान्तिको सन्देश प्रवाह भएको पनि ठानिएको छ। परराष्ट्रविद् डा. दिनेश भट्टराईले 'ओभरअल' हेर्दा सम्बोधन ठीकै रहेको र प्रस्तुत गर्नुपर्ने कुराहरू प्रस्तुत भएको बताउँदै केही अवधारणामा थप स्पष्ट पारिएको भए अझ राम्रो हुन्थ्यो भन्नुभयो।

समग्रमा नेपालको समसामयिक 'इस्यु'हरू सान्दर्भिक रूपमा उठाउनुभएको र 'हिमालयन रेजिलियन्स मेकानिजम' का लागि नेपाल, भारत र चीनको नेतृत्वको प्रस्ताव हुनु सकारात्मक रहेको डा भट्टराईको भनाइ छ। यसलाई अलिकति थप स्पष्ट पारिदिनुभएको भए अझ राम्रो हुने उहाँको धारणा छ। डा भट्टराईले जलवायुको कुरा राम्रोसँग आएको उल्लेख गर्दै भन्नुभयो। किसानको खेतमा मल पुग्दैन, तर मिसाइलहरू चाहिँ विश्वमा द्रुत गतिमा पुगिरहेका हुन्छन्' भन्ने उदाहरण प्रभावकारी छ। त्यसैमार्फत जलवायु न्यायका लागि प्रक्रियागत नभई सरलीकरण हुनुपर्छ भन्ने कुरालाई राम्रोसँग उठाइएको उहाँको विचार छ।

'हामीले निरन्तर विगतलाई हेर्नुपरेको छ, विगतका समस्याहरूलाई सम्बोधन गर्नुपरेको छ र त्यसै कारण भविष्यतर्फ त्यति हेर्न पाएका छैनौँ भन्ने प्रश्न पनि राम्रोसँग उठाउनुभएको छ,' डा. भट्टराईले भन्नुभयो, 'संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले तीन वर्षअघि नेपालमा गरेको सम्बोधनका कुराहरू स्मरण गराउनुभएको छ। त्यो राम्रो प्रयास हो। 'हिमालयन सुनामी' भन्ने कुरा पनि ठीकै छ।' उहाँले दिगो विकास लक्ष्यतर्फ सबैलाई अगाडि बढाइरहेको छ भन्ने सन्दर्भ पनि सम्बोधनमा आएको उल्लेख गर्दै भविष्यका विषयमा पनि हाम्रो तर्फबाट उठाउनुपर्ने अधिकांश समसामयिक विषयहरू समेटिएका छन् भन्नुभयो।

यसअघि प्रधानमन्त्रीको पराराष्ट्र सल्लाहकार रहिसक्नुभएका डा भट्टराईले विशेषगरी जलवायुको विषयमा यसले 'मोमेन्टम गेन' गर्न सके राम्रो हुने र संयुक्त राष्ट्रसङ्घमा कुरा राख्नु नै अन्तरराष्ट्रिय समुदायलाई आफ्नो कुरा सुनाउने अवसर भएको बताउनुभयो। उहाँले सबैको राष्ट्रियता आवश्यक छ, नियममा आधारित अन्तरराष्ट्रिय प्रणाली आवश्यक छ र सार्वभौमिकताको सम्मान हुनुपर्छ भन्ने कुरा पनि उठाइनु महत्वपूर्ण भएको बताउनुभयो।

सम्बोधनका अन्तिममा प्रधानमन्त्री शाहले उल्लेख गर्नुभएको 'पशुपतिनाथले विश्वको रक्षा गरुन् र बुद्धको सन्देशमा विश्व हिँडोस्' भन्ने सन्दर्भलाई डा. भट्टराईले निकै आकर्षक भनी प्रशंसा गर्नुभयो। डा. भट्टराईले पनि 'योङ नेसन' भन्नुभएको सम्बन्धमा जनसंख्याको आकार र अहिलेको युवा सरकारलाई आधार बनाएर 'यङ नेसन' भन्नुभएको हुनसक्ने टिप्पणी गर्नुभयो।

यसैगरी, प्रधानमन्त्रीको सम्बोधनबारे राससलाई प्रतिक्रिया दिँदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विज्ञ भारती सिलवालले सम्बोधन अन्त्यन्त प्रभावशाली रहेको टिप्पणी गर्नुभयो। 'यो विश्वका लागि एउटा गम्भीर चेतावनीको घण्टी हो—यस्तो विश्वका लागि, जुन युद्धमा अल्झिएको छ, जसले वातावरणको विनाशलाई अझ बढाइरहेको छ र शान्तिको कुनै वास्ता नगरी टुक्राटुक्रा गर्दै भू–भाग कब्जा गर्ने प्रवृत्तिलाई प्रश्रय दिइरहेको छ' भन्ने प्रधानमन्त्री शाहको सन्देश निकै चोटिलो रहेको सिलवालले बताउनुभयो।

उहाँले 'म आशा गर्छु, विश्व मञ्चका नेताहरूले केवल सुन्ने मात्र होइन, मनन् गरी त्यसबाट पाठ सिक्ने र आवश्यक कदम चाल्ने तथा पर्यावरणले कुनै भौगोलिक वा राजनीतिक सीमा चिन्दैन। जब यति भयावह र विशाल प्रकृतिका विपद्हरू आइपर्छन्, त्यसको असर नेपालमा मात्र सीमित हुँदैन–सम्पूर्ण मानवतामाथि पर्छ।' जस्ता वाक्यहरुले विश्व समुदायलाई नेपालको ध्यान खिच्न समर्थ रहेको बताउनुभयो।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# 'हुंकार मधेश': युवा नेतृत्वमा नयाँ राजनीतिक अभियान घोषणा




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेशमा 'हुंकार मधेश' नयाँ राजनीतिक अभियान घोषणा गरिएको छ । अभियानले आफ्नो अवधारणापत्र र केन्द्रीय अभियन्ताहरूको सूची सार्वजनिक गर्दै राजनीतिक यात्रा सुरु गरेको जनाएको हो।

मधेशका विभिन्न राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक मुद्दालाई केन्द्रमा राख्दै अभियानले युवा नेतृत्वलाई प्राथमिकतामा राखेको छ । अभियानले नेपाललाई सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र तथा बहुभाषिक राज्यका रूपमा स्वीकार गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, समानुपातिक समावेशिता र नागरिक सर्वोच्चताप्रति प्रतिबद्धता जनाएको छ।

'हुंकार मधेश'ले मुलुकमा विद्यमान राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक समस्याको समाधानका लागि संघीयतावादी, पहिचानवादी, अधिकारवादी तथा प्रगतिशील शक्तिहरूबीच एकता आवश्यक रहेको अवधारणापत्रमा उल्लेख गरेको छ।

अभियानले मधेशी, आदिवासी जनजाति, थारू, दलित, मुस्लिम, महिला तथा अल्पसंख्यकलगायत समुदायको पहिचानलाई मान्यता दिनुपर्नेमा जोड दिएको छ । समानुपातिक समावेशीकरण र सामाजिक न्याय सुनिश्चित गर्नुपर्ने तथा विगतका आन्दोलनबाट प्राप्त उपलब्धिको संरक्षण गर्दै संविधानप्रदत्त अधिकारको रक्षा र कार्यान्वयन गर्नुपर्ने अभियानको धारणा छ।

त्यस्तै, संविधान संशोधन तथा परिमार्जनका साथै शोषित र उत्पीडित समुदायका बाँकी अधिकार प्राप्तिका लागि संघर्ष गर्ने प्रतिबद्धता पनि अभियानले जनाएको छ।

'हुंकार मधेश'ले आफूलाई केवल सामाजिक अभियानका रूपमा मात्र नभई सभ्यतागत पुनर्जागरण, वैचारिक पुनर्निर्माण र सामाजिक रूपान्तरणको अभियानका रूपमा प्रस्तुत गरेको छ।

पूर्वीय दर्शन, सभ्यता, संस्कृति तथा ज्ञान प्रणालीलाई आधार बनाएर समाज, राज्य र अर्थतन्त्रको पुनर्संरचना गर्नुपर्ने अभियानको अवधारणा छ । अभियानले सनातन, संघीयता, सामाजिक न्याय, सुशासन र समृद्धिलाई आफ्नो मूल मन्त्रका रूपमा अघि सारेको जनाएको छ।

अभियानले जातीय विभेद तथा छुवाछुत अन्त्य गर्न र सामूहिक पहिचान निर्माण गर्न नामबाट थर हटाउन प्रेरित गर्ने अभियान सञ्चालन गर्ने जनाएको छ।

साथै, राजनीतिक तथा संगठनात्मक नेतृत्वमा एउटै व्यक्तिले लामो समयसम्म पदमा रहिरहने प्रवृत्तिको अन्त्य गर्न 'एक व्यक्ति, दुई कार्यकाल'को अवधारणा लागू गर्नुपर्ने प्रस्ताव अघि सारेको छ।

'हुंकार मधेश'ले संगठनको कार्यकारी तहको अध्यक्ष वा संयोजक बन्न अधिकतम ४९ वर्ष उमेर सीमा तथा कुनै पनि समितिमा रहन अधिकतम ६५ वर्षको उमेर सीमा प्रस्ताव गरेको छ।

संगठनमा ४० वर्षमुनिका ४० प्रतिशत, ६० वर्षमुनिका ४० प्रतिशत र ६० वर्षभन्दा माथिका २० प्रतिशतको उमेरगत प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

अभियानले अध्यक्षीय प्रणालीबाट उत्पन्न हुन सक्ने तानाशाही तथा नोकरशाही प्रवृत्तिको विकल्पका रूपमा लोकतान्त्रिक र सामूहिक नेतृत्व प्रणाली स्थापित गर्ने बताएको छ । त्यस्तै, 'राजनीति र उद्यम सँगसँगै' भन्ने मान्यता स्थापित गर्नुपर्नेमा पनि जोड दिइएको छ।

नेतृत्वमा शैक्षिक योग्यता आवश्यक हुनुपर्ने धारणा अघि सार्दै अभियानले केन्द्रीय संयोजक वा अध्यक्ष बन्न स्नातकोत्तर तथा मातहतका समितिको नेतृत्वका लागि स्नातक तहको शैक्षिक योग्यता आवश्यक हुने व्यवस्था प्रस्ताव गरेको छ।

पूर्वीय दर्शन, सभ्यता, सनातन संस्कृति तथा पूर्वीय ज्ञान प्रणालीको संरक्षणलाई पनि अभियानले आफ्नो प्रमुख एजेन्डामा समेटेको छ । संविधानले प्रदान गरेका अधिकारको कार्यान्वयन, संविधान संशोधनमार्फत अधुरा माग सम्बोधन, संघीयतालाई थप अधिकारसम्पन्न बनाउने तथा लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने माग पनि अभियानले अघि सारेको छ।

भ्रष्टाचारमुक्त र सुशासनयुक्त समाज निर्माणसँगै नागरिकमा राजनीतिप्रतिको घृणा र निराशालाई प्रेम र आशामा बदल्ने गरी राजनीतिक आचरण विकास गर्नुपर्ने अभियानको धारणा रहेको अभियन्ता केशव झाले जनाए।

अभियानले नेपालको राज्य संरचनासम्बन्धी आफ्नो छुट्टै राजनीतिक अवधारणा पनि सार्वजनिक गरेको छ । प्रादेशिक पहिचानलाई राष्ट्रियताको आधार र केन्द्रीय पहिचानलाई धर्मको आधारमा कायम गर्दै 'संघीय लोकतान्त्रिक हिन्दु गणराज्य' घोषणा गर्नुपर्ने उसको प्रस्ताव छ।

आर्थिक क्षेत्रमा भने महत्वाकांक्षी लक्ष्य अघि सारिएको छ । अभियानले हालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) करिब ४२ अर्ब अमेरिकी डलरबाट १० वर्षभित्र ५०० अर्ब अमेरिकी डलर पु¥याउने योजना लागू गर्नुपर्ने तथा सोही अवधिमा प्रतिव्यक्ति आय १५ गुणाले वृद्धि गर्नुपर्ने लक्ष्य सार्वजनिक गरेको छ।

त्यस्तै, समग्र थरुहट–मधेशलाई एक स्वायत्त प्रदेश बनाउने, नेपाल–भारत सीमामा बसोबास गर्ने दुवैतर्फका नागरिकलाई सम्मानपूर्वक आवतजावतको वातावरण निर्माण गर्ने तथा दैनिक उपभोग्य वस्तुको आवतजावतमा करमुक्त व्यवस्था गर्नुपर्ने धारणा अभियानले अघि सारेको छ।

'हुंकार मधेश'ले सार्वजनिक गरेको अवधारणा पत्रमा राजनीतिक प्रणाली, नेतृत्वको पुस्तान्तरण, सामाजिक न्याय, सांस्कृतिक संरक्षण, संघीयता, सुशासन, आर्थिक विकास, कृषि, चुरे संरक्षण तथा नेपाल–भारत सीमासम्बन्धी विषयसहित २१ वटा प्रमुख एजेन्डा समेटिएका छन्।

# को को छन् देउवा समूहका मधेशमा केन्द्रीय प्रतिनिधि ?

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाको समूहले १५ औं महाधिवेशनका लागि मधेशका जिल्लाहरूमा केन्द्रीय प्रतिनिधिहरू खटाएको छ।

देउवा समूहले मंसिर २१ देखि मंसिर २३ गतेसम्म हुने महाधिवेशनका लागि मुलुकभर नै केन्द्रीय प्रतिनिधिहरू खटाएको हो । महाधिवेशनका लागि १५ असोजमा वडा अधिवेशन ताकिएको छ । देउवा पक्षीय १५ औँ केन्द्रीय महाधिवेशन तयारी समितिका संयोजक डा. शशांक कोइरालाले सात प्रदेशका ५५ जिल्लाहरूमा संयोजकहरू तोकिएको जानकारी दिए।

मधेश प्रदेशको सप्तरी जिल्लामा केन्द्रीय प्रतिनिधी मञ्जु यादवलाई खटाइएको छ । त्यसैगरी सिरहामा सन्तोष चौधरी, धनुषामा हरेशकुमार महतो, महोत्तरीमा उषा राउतलाई खटाइएको छ । यसैगरी, सर्लाहीमा सपुत कार्की, रौतहटमा मो.मोख्तार अहमद, बारामा रमेशकुमार निरौला र पर्सामा सुरेन्द्र न्यौपानेलाई केन्द्रीय प्रतिनिधिका रुपमा खटाइएको छ।

# वर्षात्ले एकहप्ता धकेलियो जनमतको दोस्रो महाधिवेशन



**मधेशदृष्टि**
**वीरगंज।**
जनमत पार्टीको दोस्रो महाधिवेशन असोज १७ गते वीरगंजमा हुने भएको छ । असोज ९ र १० गते वीरगंजस्थित टाउनहलमा आयोजना हुने भनिएको दोस्रो महाधिवेशन केही दिनदेखि लगातार भइरहेको वर्षा तथा आगामी दिनमा भारीदेखि अति भारी वर्षा हुने पूर्वानुमानलाई मध्यनजर गर्दै स्थगित गरी १७ गते शनिबारका लागि तय गरिएको पार्टीका प्रवक्ता चन्दन सिंहले जानकारी दिए।

प्रतिकूल मौसमका कारण देशभरबाट वीरगंज आउने प्रतिनिधि, नेता तथा शुभेच्छुकको यात्रा र व्यवस्थापनमा कठिनाइ हुन सक्ने देखिएपछि महाधिवेशनको तालिका परिवर्तन गरिएको प्रवक्ता सिंहको भनाइ छ।

पार्टीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'प्रतिकूल मौसमको पूर्वानुमान रहेकाले महाधिवेशनको तयारी पूरा भइसके पनि सहभागीको सुरक्षा र सहज आवागमनलाई ध्यानमा राख्दै असोज १७ गतेका लागि नयाँ मिति तय गरिएको छ।'

यसअघि पार्टीले दोस्रो महाधिवेशन असोज ९ र १० गते वीरगंजमा गर्ने तयारीअनुसार महाधिवेशनअन्तर्गत अध्यक्षसहित विभिन्न केन्द्रीय पदका लागि उम्मेदवारी दर्ता प्रक्रिया अघि बढिसकेको थियो । अब परिमार्जित तालिकाअनुसार पार्टीको दोस्रो महाधिवेशन हुनेछ।

# समुदायमा जनचेतनामूलक कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज।**
विपद्का समयमा उत्पन्न हुन सक्ने जोखिम र त्यसबाट जोगिने उपायबारे वीरगंजमा विपद् व्यवस्थापनसम्बन्धी जनचेतनामूलक कार्यक्रम शुक्रबार भएको छ।

सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र, मीनाबजारको आयोजनामा वीरगंजको घण्टाघर क्षेत्रमा स्थानीय बासिन्दालाई विपद्का समयमा अपनाउनुपर्ने सावधानी तथा सुरक्षित रहने उपायबारे जानकारी दिइएको हो।

कार्यक्रममा विपद्का समयमा मानिसले सामना गर्नुपर्ने आर्थिक, मानसिक तथा सामाजिक जोखिम, अस्थायी शिविरमा बस्दा अपनाउनुपर्ने सावधानी तथा महिला र बालबालिकामाथि हुन सक्ने सम्भावित जोखिमलगायतका बारेमा सामुदायिक प्रहरी सेवा केन्द्र, मीनाबजारकी इन्चार्ज प्रहरी हवल्दार सन्ध्या गुरौले सचेत गराएकी थिइन्।

# आवासीय चिकित्सकहरुलाई छात्राबास खाली गर्न निर्देशन

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित नेशनल मेडिकल कलेज एन्ड शिक्षण अस्पतालले आवासीय चिकित्सकहरूलाई छात्रावास खाली गर्न दिएको निर्देशन तत्कालका लागि स्थगित गरेको छ । कलेज प्रशासनले जारी गरेको अत्यन्त जरुरी सूचना अनुसार, यसअघि प्रधानाचार्य कार्यालयबाट प्रथम वर्षका स्नातकोत्तर आवासीय चिकित्सकहरूलाई १२ घण्टाभित्र कलेजले उपलब्ध गराएको छात्रावास, क्वार्टर तथा अन्य आवासीय सुविधाहरू खाली गर्न निर्देशन दिइएको थियो।

तर, जिल्ला प्रशासन कार्यालय पर्साले जारी गरेको प्रतिकुल मौसम, भारी वर्षा तथा बाढीको जोखिमसम्बन्धी सतर्कता सूचनालाई मध्यनजर गर्दै चिकित्सकहरूको सुरक्षाका लागि १२ घण्टाको समयसीमा हाललाई स्थगित गरिएको कलेज प्रशासनले जनाएको छ । मौसम र अवस्था सामान्य भएपछि छात्रावास तथा कलेज परिसर खाली गर्ने नयाँ समयसीमा थप सूचनामार्फत जानकारी गराइने विज्ञप्तिमा उल्लेख छ।

साथै, कलेज प्रशासनले यस अवधिमा सम्पूर्ण आवासीय चिकित्सकहरूलाई आवश्यक सतर्कता अपनाउन र जिल्ला प्रशासन कार्यालय तथा अन्य सम्बन्धित निकायहरूबाट जारी हुने सुरक्षा निर्देशनहरूको पालना गर्न अनुरोध समेत गरेको छ।

# बेवारिसे जीवनबाट पुनः पारिवारिक मिलन

**मधेशदृष्टि**
**वीरगंज।**
लामो समयदेखि वीरगंजको माइस्थान क्षेत्रमा बेवारिसे अवस्थामा रहँदै आएका एक व्यक्तिको मानवसेवा आश्रम वीरगंजको पहलमा सफल पारिवारिक पुनर्मिलन गराइएको छ।

बेवारिसे अवस्थामा रहेका उनलाई केही दिन पहिले मानवसेवा आश्रम वीरगंजले उद्धार गरी संरक्षणमा लिएको थियो। आश्रमको पहलमा परिवारका सदस्यको पहिचान तथा सम्पर्क स्थापित भएपछि उनलाई भारतको जमुईमा रहेका उनकी दिदी र भिनाजुको शुक्रबार जिम्मा लगाइएको हो।

उद्धार गरिएका व्यक्तिलाई परिवारको जिम्मा लगाउँदै सफल पारिवारिक पुनर्मिलन गराउन पाउँदा आफूहरूलाई अत्यन्तै खुसी लागेको मानवसेवा आश्रम वीरगंजका देवेश गुप्ताले बताए।

# टी–२० वरियतामा नेपालको सुधार

**काठमाडौँ।**
नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) को टी–२० वरियतामा सुधार गरेको छ।

शुक्रबार २०औँ एसियाली खेलकुदअन्तर्गत टेष्ट टोली अफगानिस्तानविरुद्ध पाँच विकेटको जित निकाल्दै आइसिसीले ताजा वरियता सार्वजनिक गर्दा नेपालले दुई स्थान सुधार गरेको हो।

नेपाल अब टी–२० अन्तरराष्ट्रिय वरियताको चौधौ स्थानमा उक्लिएको छ । यसअघि नेपाल वरियताको सोह्रौँ स्थानमा थियो। नेपालविरुद्धको हारले अफगानिस्तान नवौँबाट दशौँ स्थानमा झरेको हो।

शुक्रबारको खेलमा नेपालले अफगानिस्तानविरुद्ध ब्याटिङ र बलिङ दुवै विधामा उत्कृष्ट प्रदर्शन ग¥यो । यो जितपछि नेपालको क्वार्टरफाइनल सम्भावना बलियो बनेको छ । नेपालले अब समूह चरणको अन्तिम खेलमा शनिबार आयोजक जापानविरुद्ध खेल्ने तालिका छ।

# नारायणगढ–मुग्लिन र पृथ्वी राजमार्गमा आवागमन बन्द

**चितवन।**
वर्षातसँगै नारायणगढ–मुग्लिन सडकखण्ड र पृथ्वी राजमार्गको चितवन खण्ड अझै सञ्चालनमा आउन सकेको छैन । बिहीबार साँझ ८:०० बजेदेखि ती दुवै सडक पहिरोका कारण अवरुद्ध भएका थिए।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलका अनुसार ठाउँठाउँमा पहिरो झरिरहेकाले सडक सञ्चालनमा समस्या भएको हो । सडकमा रोकिएर बसेका पोखरातर्फ जाने र नारायणगढतर्फ आउने सवारीसाधनलाई शुक्रबार दिउँसो पार गराइएको छ । दुवै सडकका विभिन्न ठाउँहरूमा ढुङ्गा र लेदोसहितको पहिरो खसिरहेकाले सञ्चालनमा ल्याउन नसकिएको उनले बताए।

सडकलाई एकतर्फी खुलाएर दिउँसो रोकिएका सवारी कटाइएको हो । सडक रोकिएसँगै बिहीबारदेखि आएका सवारीसाधन सडकमा अलपत्र परेका छन् । जोखिमलाई मध्यनजर गर्दै स्थानीय प्रशासनले सवारी सञ्चालनमा रोक लगाएको हो।

# मोटरसाइकलको ठक्करबाट पैदल यात्रुको मृत्यु

**मधेशदृष्टि**
**रौतहट।**
चन्द्रनिगाहपुर–गौर सडकखण्डमा मोटरसाइकलको ठक्करबाट एक वृद्ध पैदलयात्रीको मृत्यु भएको छ । दुर्घटनामा संलग्न मोटरसाइकल चालक भने फरार भएका छन् । चन्द्रपुर नगरपालिका–८ वसन्तपुरमा बिहीबार राति सडकमा हिँडिरहेका स्थानीय ६५ वर्षीय सीताराम चौधरीलाई नम्बर नखुलेको मोटरसाइकलले ठक्कर दिएको थियो।

दुर्घटनामा गम्भीर घाइते भएका चौधरीको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनापछि मोटरसाइकल चालक घटनास्थलबाट फरार भएका छन् । हालसम्म मोटरसाइकलको नम्बर तथा चालकको पहिचान खुल्न सकेको छैन।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख डीएसपी सत्यनारायण थापाका अनुसार दुर्घटनामा संलग्न मोटरसाइकल र चालकको खोजी भइरहेको छ।

दुर्घटनास्थल आसपास जडान गरिएका सीसीटीभी क्यामेरा प्रभावकारी रूपमा सञ्चालनमा नरहेको कारण दोषि पत्ता लाग्न नसकेको स्थानीयको भनाई छ।

# टिभी हेर्नेक्रममा करेन्ट लागेर बालकको निधन

**मधेशदृष्टि**
**बारा।**
कोल्हबीमा टिभी चलाउने क्रममा करेन्ट लागेर १० वर्षीय एक बालकको मृत्यु भएको छ, भने अन्य चार जना घाइते भएका छन्। कोल्हबी नगरपालिका–३ जुगुवाका बालक आकाश रामलाई विद्युतको तार सर्ट भएर करेन्ट लागेको हो । गम्भीर घाइते बालकलाई उपचारका लागि अस्पताल लगिए पनि चिकित्सकले मृत घोषणा गरेका थिए।

बालकलाई करेन्टबाट छुटाउन खोज्दा उनका हजुरआमा र दिदीसहित स्थानीय दुई जना घाइते भएका छन् । घाइते हुनेहरूमा एतबरिया राम, निलम राम, फुलकुमारी राम र अनिता शर्मा रहेका जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले जानकारी दिए । घाइते सबैको कोल्हबीस्थित तामागढी अस्पतालमा उपचार भइरहेको छ।

# हतियार पुग्ने, किसानलाई मल–बीउ...

गर्छन् । हिमालय पृथ्वीको छेउमा रहेको भूभाग मात्रै होइन, यो पृथ्वीको जीवन–सहयोग प्रणालीको महत्वपूर्ण हिस्सा पनि हो।'

भदौ १० गते रसुवाको भोटेकोशीमा गएको बाढीबाट भएको जनधनको क्षतिबारे जानकारी गराउँदै प्रधानमन्त्री शाहले अझै कयौँ परिवार घर नफर्कने आफ्ना प्रियजनलाई पर्खिरहेका र कयौँ समुदाय लेदो, ढुङ्गामाटो, पानीभित्र आफ्ना मानिसको खोजी गरिरहेका उल्लेख गरे । 'जसको शरीर अब कहिल्यै नभेटिन सक्छ,' उनले भने, 'ती पुल, सडक, विद्यालय, घर र जीविकोपार्जनका माध्यम निमेषभरमै बगेर गए । एउटा देशबारे जसले दिगो विकासको लक्ष्य हासिल गर्ने दिशामा निरन्तर प्रगति गरिरहेको थियो त्यसमा अवरोध पुगेको छ।'

तार्तिदै गरेको जलवायुले नाजुक हिमालयको पारिस्थितिक प्रणालीलाई अस्थिर बनाएको बताउँदै प्रधानमन्त्री शाहले हिउँले जमेको माटो पग्लिँदा हिमालको भिरालो भू–भागमा चिरा परेका र हिमचट्टानसहितको पहिरो, बाढीलगायत श्रृङ्खलाबद्ध जोखिम बढिरहेका उल्लेख गरे।

परिणामस्वरुप यस विनाशले नेपाल–चीन सीमाका दुवैतर्फको भू–भागमा ठूलो क्षति पु¥याएको र बाढी निरन्तर भारततिर बग्दै गएको उनले उल्लेख गरे । 'यसले हामीलाई एउटा आधारभूत कुरा बताउँछ । जलवायु परिवर्तनले सीमा चिन्दैन । हिमनदी र बाढी 'पासपोर्ट'मा 'भिसा' लगाएर यात्रा गर्दैनन्,' प्रधानमन्त्री शाहले भने।

नेपालले अहिले पुनःस्थापना र पुनर्निर्माणको विशाल कार्यको सामना गरेको बताउँदै उनले बाढीबाट कम्तीमा एक हजार ४ सय जनाको मृत्यु भएको पुष्टि भइसकेको र छ हजारभन्दा बढी मानिस अझै बेपत्ता रहेका जानकारी गराए । 'हाम्रो द्रुत क्षति आकलनअनुसार अब भौतिक पुनःस्थापनाका लागि नेपालको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को १० प्रतिशत आवश्यक देखिन्छ,' उनले भने।

प्रधानमन्त्री शाहले सन् २०१५ मा नेपालमा गएको 'गोरखा भूकम्प'पछिको पुनर्निर्माणमा जस्तै यसपटक पनि आफूहरुले ऐक्यबद्धतासहित सबैको सहयोगको अपेक्षा गरेको बताए । 'तर, यो विपद् नेपालबाहेकका लागि पनि किन अर्थपूर्ण छ भन्ने हामीले बुझ्नुपर्छ । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा कम छ,' उनले भने, 'यो सङ्कट हामीले सिर्जना गरेका होइनौँ । तर, यसको ठूलो मूल्य हामीले चुकाइरहेका छौँ । हाम्रा हिमनदी खुम्चिँदै गएका छन् । हाम्रा हिमालका भिराला भू–भाग अस्थिर बन्दै गएका छन् । हाम्रा नदी पूर्वानुमान गर्न नसकिने अवस्थामा पुगेका छन्।'

# गुठी–कुटीका घरटहरा हटाउने...

सोही क्रममा गुठी तथा कुटीका जग्गामा बनेका घरटहरा हटाउने सूचना सार्वजनिक भएपछि हजारौँ परिवारमा विस्थापनको त्रास फैलिएको समितिको भनाइ छ।

समितिले २०६८ साल तथा त्यसअघि देखिनै जिल्ला प्रशासन कार्यालय र गुठी संस्थानमा गुठीसम्बन्धी समस्या समाधानका लागि ज्ञापनपत्र बुझाउँदै आएको जनाएको छ । त्यसक्रममा गुठी संस्थान, नापी तथा मालपोत कार्यालयका संयुक्त टोलीले स्थलगत निरीक्षण गरी विभिन्न प्रकारका जग्गाको नाप–नक्सा प्रमाणीकरणसमेत गरिसकेको समितिको दाबी छ।

दशकौँदेखि बसोबास गर्दै आएका परिवारलाई उठीवास गराउने गरी गुठीको जग्गा व्यवस्थापन प्रक्रिया अघि बढाइएको भन्दै समितिले त्यसलाई रोक्न माग गरेको छ । समितिका सचिव वचनदेव मण्डलले आफूहरूको माग सम्बोधन नभए कडा आन्दोलन गर्न बाध्य हुने बताए।

ज्ञापनपत्रमा गुठी संस्थान ऐन, २०३३ को दफा २५ ले २०४६ चैत २६ गतेभन्दा अगाडि घर निर्माण भइसकेका जग्गालाई रैतान नम्बरीमा परिणत गर्ने व्यवस्था गरेको उल्लेख गरिएको छ।

दशकौँदेखि भोगचलन गर्दै आएका परिवारलाई विस्थापित गर्न नहुने समितिको माग छ।

समितिले जानकी मन्दिर, मटिहानी मठ, विरख कुटी, रत्नसागर, बेला कुटी, रजौलको लक्ष्मण मन्दिर गुठी र कुवा मठलगायतका क्षेत्रमा संरचना हटाउने गरी अघि बढाइएको प्रक्रियाले वर्षौंदेखि व्यवस्थित रूपमा बसोबास गर्दै आएका परिवार प्रभावित हुने जनाएको छ।

# रामजानकी रंगशालालाई...

उपलब्धि हो।

'यसै आर्थिक वर्षबाट रामजानकी रंगशाला निर्माण गर्ने निर्णय भएको छ । प्रत्येक वर्ष २५ करोड रुपैयाँका दरले लगानी हुनेछ,' झाले भने, 'यो जनकपुरधामका युवाप्रति गरिएको अर्को प्रतिबद्धता कार्यान्वयनतर्फ अघि बढेको हो।'

रंगशाला निर्माणसँगै जनकपुरधाममा अतिक्रमणमा परेका सार्वजनिक जग्गा खाली गराउने काम पनि सुरु भएको उनले बताए । सार्वजनिक सम्पत्तिको संरक्षणका साथै जनकपुरधामका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षणलाई समेत प्राथमिकतामा राखिएको उनको भनाइ छ।

झाका अनुसार जनकपुरधामको संरक्षित स्मारक क्षेत्र घोषणा गर्ने प्रक्रिया अघि बढाइएको छ भने जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउने पहलसमेत अगाडि बढाइएको छ।

जनकपुरधामको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पहिचानलाई अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्ने उद्देश्यले सम्पदा संरक्षणका कामलाई प्राथमिकताका साथ अघि बढाइएको झाले बताए।

उनले रामजानकी रंगशाला निर्माण, सार्वजनिक जग्गाको संरक्षण तथा जनकपुरधामका सम्पदाको संरक्षण र विश्व सम्पदा सूचीकरणको पहललाई समग्र विकास प्रक्रियाका रूपमा अघि बढाइएको दाबी गरे।

बहुवर्षीय बजेटको सुनिश्चिततासँगै अब रंगशाला निर्माणको भौतिक प्रक्रिया अघि बढ्ने विश्वास गरिएको छ।

# कमलामा जोखिम बढ्न सक्ने...

विपद्को अवस्थालाई ध्यानमा राखेर नेपाली सेनासहित जिल्लाका चारवटै सुरक्षा निकायलाई तयारी अवस्थामा राखिएको छ । उद्धार तथा राहतका लागि आवश्यक जनशक्ति, उपकरण तथा अन्य स्रोतसाधनसमेत तयारी अवस्थामा राखिएको प्रशासनले जनाएको छ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले असोज ८ देखि ११ गतेसम्म वर्षाका कारण नदी तथा तटीय क्षेत्रमा जोखिम उत्पन्न हुन सक्ने भएकाले सर्वसाधारणलाई सचेत रहन आग्रह गरेका छन्।

उनले नदी किनार तथा अन्य जोखिमयुक्त क्षेत्रमा अनावश्यक रूपमा नजान तथा विपद्को कुनै संकेत देखिएमा तत्काल सुरक्षित स्थानमा जान आग्रह गरे । साथै, स्थानीय तह, सुरक्षा निकाय र सम्बन्धित सबै पक्षबीच आवश्यक समन्वय गरी सम्भावित विपद्को सामना गर्न तयारी अवस्थामा रहन प्रशासनले निर्देशन दिएको छ।



आनन्द डोराको पूजा गर्दै भक्तजनः महोत्तरीको जलेश्वर नगरपालिका–१ स्थित महादेव मन्दिर परिसरमा शुक्रबार आनन्द डोराको पूजाका गर्दै भक्तजन। तस्बिरः चन्दन ठाकुर

# सप्तकोशीका ३१ ढोका खोलिए

**सुनसरी।**
बुधबार रातिदेखि परेको अविरल वर्षाका कारण सप्तकोशी नदीमा जलसतह बढेपछि कोशी ब्यारेजका ३१ वटा ढोका खोलिएका छन्। शुक्रबार बिहान १० बजे गरिएको जलसतह मापनअनुसार कोशी ब्यारेजमा प्रतिसेकेन्ड एक लाख ९८ हजार २ सय २० क्युसेक पानीको बहाव हुँदा २५ वटा ढोका खोलिएका थिए। दिउँसो १ बजे पानीको बहाव प्रतिसेकेन्ड दुई लाख २९ हजार ९ सय ६० क्युसेक पुगेपछि ३० वटा ढोका खोलिएकामा दिउँसो २ बजे पानीको बहाव दुई लाख ४० हजार ५ सय ५५ क्युसेक पुगेपछि ३१ वटा ढोका खोलिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी चन्द्रबहादुर खड्काले जानकारी दिए।

उनका अनुसार कोशी ब्यारेजमा पानीको बहाव एक लाख ५० हजार क्युसेक नाघेपछि सर्वसाधारणलाई सचेत गराउन जोखिमको सङ्केतस्वरूप पश्चिमतर्फ रातो बत्ती बाल्ने गरिन्छ। जलसतह निरन्तर बढिरहेकाले सप्तकोशी आसपासका बासिन्दालाई आवश्यक सतर्कता अपनाउन र जोखिमपूर्ण क्षेत्रमा नजान आग्रह गरिएको सूचना अधिकारी खड्काले बताए।

त्यस्तै, तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकलाई सुरक्षित स्थानमा रहन तथा कोशी नदीमा माछा मार्ने र दाउरा सङ्कलन नगर्न जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ। वर्षा हुने क्रम जारी रहेकाले नदीमा पानीको बहाव निरन्तर बढिरहेको सूचना अधिकारी खड्काले बताए। कोशी ब्यारेजमा ५२ वटा मूल ढोका र चारवटा नहर गरी जम्मा ५६ वटा ढोका छन्।

# उपचारमा हिंडेका युवक नदीमा हाम्फालेर बेपत्ता

**राकेश यादव**
**रौतहट।**
मौलापुर नगरपालिका वडा नम्बर ४ स्थित लालबकैया नदीमा शुक्रवार युवक हाम्फालेर बेपत्ता भएका छन्।

दाइसँग मोटरसाइकल चढेर गरुडा आउने क्रममा लालबकैया पुलबाट आत्महत्या गर्ने उद्देश्यले उनी नदीमा हाम्फालेका हुन्। स्थानीय प्रहरीका अनुसार बारा, सिम्रौनगढ नगरपालिका वडा नम्बर ११ कटहरियाका २७ वर्षीय सचिन्द्र यादव पुलबाट हाम्फाल्दा नदीमा डुबेर बेपत्ता भएका हुन्।

इलाका प्रहरी कार्यालय मौलापुरका प्रहरी निरीक्षक भरत केसीले दाइसँगै बागमती प्रदेश ०२–०६२ प–८५४८ नम्बरको मोटरसाइकलमा पछाडि बसेका सचिन्द्र पुलमा पुगेपछि नदीमा हाम्फालेको जानकारी दिए।



नदीमा हाम्फालेर बेपत्ता भएका उनीबारे दाइ ३५ वर्षीय सिकिन्द्र यादवले स्थानीय प्रहरीलाई जानकारी दिएपछि प्रहरी र सशस्त्र प्रहरीको संयुक्त गोताखोर टोली खोजतलाशमा जुटेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

नदीमा कुदेर बेपत्ता युवकको मानसिक सन्तुलन ठीक नभएको बुझिएको छ। नदीमा बाढी आएका कारण खोजतलाशमा समस्या उत्पन्न भए पनि प्रयास जारी रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक बसन्त गौतमले जानकारी दिए।

# महोत्तरीमा बाढी, डुबान र कटानको जोखिम, प्रशासन सतर्क

**मधेशदृष्टि**
**जनकपुरधाम।**
अविरल वर्षासँगै महोत्तरीमा आउन सक्ने बाढी, डुबान र नदी कटानको जोखिमलाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालयले पूर्वतयारी तीव्र बनाएको छ।

शुक्रबारदेखि आइतबारसम्म अविरल वर्षा हुने पूर्वानुमान गरिएपछि सम्भावित बाढी तथा कटानको जोखिम न्यूनीकरणका लागि स्थानीय तह, सुरक्षा निकाय तथा विभिन्न गैरसरकारी संघसंस्थासँग समन्वय गरी तयारी अघि बढाइएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए।



उनका अनुसार जिल्लाका रातु, बिघी, बडहरी, जंघा, मडहा लगायतका नदीमा पानीको बहाव बढ्दा बाढी तथा कटानको जोखिम हुन सक्ने भएकाले नदी किनारका बस्तीमा सचेतना फैलाउने काम भइरहेको छ। जोखिममा रहेका क्षेत्रका बासिन्दालाई समयमै जानकारी गराउन माइकिङलगायतका गतिविधि सञ्चालन भइरहेको उनले बताए। बाढीका कारण विस्थापनको अवस्था आउन सक्ने भएकाले उद्धारसँगै विस्थापितलाई पुनस्र्थापनासम्म आवश्यक पर्ने तयारीसमेत गरिएको प्रमुख जिल्ला अधिकारी यादवले जानकारी दिनुभयो।

सम्भावित बाढी तथा डुबानबाट प्रभावितको उद्धारका लागि लाइफ ज्याकेट, लाइफ ब्वाय, डोरी, रबर बोट वा डुंगा, बन्चरो, स्ट्रेचर, टर्चलाइटलगायत खोज तथा उद्धार सामग्री दुरुस्त अवस्थामा राख्न प्रशासनले सम्बन्धित निकायलाई निर्देशन दिएको छ।

त्यसैगरी बाढीका कारण सडक तथा बाटोघाटो अवरुद्ध भए तत्काल खुलाउन आवश्यक पर्ने जेसीबी, एक्साभेटर, लोडरलगायत हेभी उपकरणलाई चौबीसै घण्टा परिचालन गर्न सकिने गरी 'स्ट्यान्डबाइ' अवस्थामा राख्नसमेत निर्देशन दिइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

# जेल सजाय भोगिरहेका यादव दुई युवा मृत्यु प्रकरणका मुख्य अभियुक्त

**रौतहट।**
अपहरण, शरीर बन्धक तथा सङ्गठित अपराधलगायतका मुद्दामा दोषी ठहर भई हाल जिल्ला कारागार रौतहटमा जेल सजाय भोगिरहेका 'बारुद सिंह' भनिने सुरेन्द्रप्रसाद यादवको स्थानीय दुई युवा हत्या प्रकरणमा सक्रियता देखिएको छ।

गरुडा नगरपालिका–७ का ३२ वर्षीय नागेन्द्र बैठा र वडा नं २ का २८ वर्षीय प्रमानन्द सहनीको २०६४ साल वैशाख ३१ गते राति १ बजे गढीमाई नगरपालिका–६ पिपरिया दोसतिया भन्ने स्थानमा गोली हानी हत्या भएको घटनामा निज यादव संलग्न देखिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वसन्त गौतमका अनुसार अज्ञात व्यक्ति वा समूहले चलाएको गोलीबाट मृत्यु भएका बैठा र सहनीसम्बद्ध घटनाको छानबिन तथा अनुसन्धानका क्रममा तत्कालीन समयमा तराई जनतान्त्रिक मुक्ति मोर्चालगायत भूमिगत सङ्गठनमा आबद्ध यादव मुख्य अभियुक्तका रुपमा देखिएका हुन्।

गढीमाई नगरपालिकामा १९ वर्षअघि दुई युवाको हत्या भएको घटनाको अनुसन्धानपछि कर्तव्य ज्यान मुद्दाको मुख्य अभियुक्तका रुपमा निज यादवको पहिचान भएको र सो सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले स्पष्ट गरेको छ।

# ओसीएमसीमा ३,१६७ हिंसाका मुद्दा दर्ता

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (ओसीएमसी) मा एक वर्षको अवधिमा ३ हजार १ सय ६७ वटा हिंसासम्बन्धी केस दर्ता भएका छन्।

आर्थिक वर्ष २०८२÷८३ को तथ्यांकअनुसार ओसीएमसीमा दर्ता भएका केसमा ८९.७ प्रतिशत महिला छन्। पुरुषतर्फ १० प्रतिशत र अन्य समूहका ०.३ प्रतिशत रहेको जनाइएको छ।

जनकपुरधाममा असोज ७ र ८ गते आयोजित ओसीएमसीको समीक्षा तथा राष्ट्रिय कार्ययोजनाको स्थानीयकरणसम्बन्धी कार्यशालामा प्रस्तुत तथ्यांकअनुसार जातीय समूहका आधारमा मधेशी समुदायका ४७.५ प्रतिशत, दलित २२.३ प्रतिशत, मुस्लिम १४.९ प्रतिशत र अन्य समूहका १५.३ प्रतिशत पीडित छन्।



दर्ता भएका हिंसाका घटनामध्ये भावनात्मक हिंसाको हिस्सा ४२ प्रतिशत रहेको छ। त्यस्तै, शारीरिक हिंसा २४ प्रतिशत र यौन दुव्र्यवहारका घटना २१.७ प्रतिशत रहेको तथ्यांकमा उल्लेख छ। दर्ता भएका केसमा १३० वटा अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित छन्।

पीडकसँगको सम्बन्ध खुलेका घटनामध्ये ६७ प्रतिशतमा आफन्तबाटै हिंसा भएको पाइएको छ। यसले हिंसाका घटनामा नजिकका सम्बन्धमा रहेका व्यक्तिबाट हुने जोखिमसमेत उल्लेख्य रहेको देखाएको छ।

ओसीएमसीले लैङ्गिक हिंसाबाट प्रभावित तथा पीडितलाई स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानुनी सहजीकरण, सुरक्षा तथा पुनस्र्थापनासम्बन्धी सेवा उपलब्ध गराउँदै आएको छ।

सेवाको पहुँच विस्तार गर्न प्रदेशका विभिन्न अस्पतालले पनि छुट्टाछुट्टै प्रयास गरिरहेका छन्। गजेन्द्रनारायण सिंह अस्पतालले मानसिक स्वास्थ्य उपचार, घर पुनर्मिलन, सीपसँग आबद्धता तथा पुनस्र्थापनाका कार्यक्रम सञ्चालन गरिरहेको छ। जनकपुरस्थित एमआईएचएसले घरदैलो कार्यक्रम, स्वास्थ्यकर्मी अभिमुखीकरण तथा सडक नाटकमार्फत सचेतना फैलाउँदै आएको छ।

कलैया अस्पतालले रेफरल प्रणाली विकास गरिरहेको छ भने जलेश्वर अस्पतालमा छुट्टै ओसीएमसी सेवा कक्ष र कानुनी सहजीकरणको व्यवस्था गरिएको छ।

यद्यपि, ओसीएमसी सञ्चालनमा पर्याप्त जनशक्ति र बजेटको अभाव, सुरक्षित आवास तथा पुनस्र्थापनाको चुनौती देखिएको छ। फरेन्सिक तथा तालिमप्राप्त चिकित्सकको कमी, मनोचिकित्सक तथा क्लिनिकल मनोविद्को सीमित उपलब्धता र हिंसा पीडितका लागि पुनस्र्थापना केन्द्रको अभाव रहेको समीक्षामा औंल्याइएको छ।

अधिकांश जिल्लामा सुरक्षित आवास गृहको पर्याप्त व्यवस्था नहुँदा हिंसा पीडितलाई सुरक्षित रूपमा राख्नसमेत कठिनाइ भइरहेको जनाइएको छ।

ओसीएमसी सेवालाई प्रभावकारी बनाउन २४ घण्टा निःशुल्क तथा एकीकृत सेवा, सुरक्षित र गोप्य वातावरण, प्रभावकारी केस व्यवस्थापन तथा रेफरल र फलोअप प्रणाली सुदृढ गर्नुपर्नेमा कार्यशालाले जोड दिएको छ।

त्यसैगरी, स्थानीय तह, प्रहरी तथा अन्य सेवा प्रदायक निकायबीच समन्वय थप प्रभावकारी बनाउनुपर्ने स्वास्थ्य निर्देशनालय मधेश प्रदेशकी वरिष्ठ नर्स सुनिता गुप्ताले बताइन्।

# ग्यासको समस्या समाधानमा नयाँ पाइपलाइन प्रस्तावित

**मधेशदृष्टि**
**जनकपुरधाम।**
एलपी ग्यासको आपूर्ति तथा वितरणमा देखिँदै आएको समस्या दीर्घकालीन रूपमा समाधान गर्न भारतको मोतीहारीदेखि नेपालको सर्लाहीसम्म ग्यास पाइपलाइन निर्माण गर्ने तयारी सरकारले गरेको छ।



उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले राष्ट्रिय सभाको बैठकमा मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तर कार्यक्रममा ग्यास आपूर्ति सहज बनाउन पाइपलाइन निर्माणको प्रक्रिया अघि बढाइएको जानकारी दिएका हुन्।

मन्त्री साहका अनुसार प्रस्तावित पाइपलाइन निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार भइसकेको छ।

स्रोत व्यवस्थापनको प्रारूप तयार गरी आवश्यक भौतिक पूर्वाधार निर्माणको तयारी भइरहेको उनले बताए।

# बाढीपहिरोमा परेका तीन जनप्रतिनिधिको अवस्था अझै अज्ञात

**रसुवा।**
भोटेकोशीमा आएको विनाशकारी बाढीले बगाएर बेपत्ता भएका गोसाइँकुण्ड गाउँपालिकाका उपाध्यक्षसहित तीन जना जनप्रतिनिधिको एक महिनासम्म कुनै जानकारी नपाएपछि पीडित परिवारले परम्परागत काजकिरिया सुरु गरेका छन्।

भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीमा परी गाउँपालिकाका उपाध्यक्ष प्रतिमा लामा, वडा नं २ का वडाध्यक्ष कामीछिरिङ तामाङ र वडा नं ५ का वडाध्यक्ष दावामिङ्मार तामाङ बेपत्ता भएका थिए। एक महिनासम्म स्थानीय प्रशासन, सुरक्षा निकाय र स्थानीयवासीले खोजीकार्य जारी राखे पनि उनीहरूको कुनै जानकारी पाउन सकिएको छैन।

खोजीकार्यबाट कुनै सफलता नमिल्दा बेपत्ता जनप्रतिनिधिहरू जीवितै भेटिने आशा क्षीण हुँदै गएपछि पीडित परिवारले 'कतै जीवितै उद्धार भएका छन् कि ?' आशालाई शोकमा बदल्दै उनीहरूको परम्परागत संस्कारअनुसार काजकिरिया प्रक्रिया अघि बढाएका हुन्।

बाढीमा परी बेपत्ता भएका तीनै जना जनप्रतिनिधि स्थानीय क्षेत्रमा ऊर्जावान र उदीयमान नेताका रूपमा परिचित थिए। विसं २०७९ को स्थानीय तह निर्वाचनमा गोसाइँकुण्ड गाउँपालिकाको उपाध्यक्ष पदमा निर्वाचित लामाले स्नातकमा नर्सिङ (बिएससी) अध्ययन पूरा गरेकी थिइन्।

विद्यार्थी जीवनदेखि राजनीतिक गतिविधिमा सक्रिय उनले स्वास्थ्य, शिक्षा र सामाजिक न्यायलाई प्राथमिकतामा राखेर काम गरिरहेकी थिइन्। राजनीतिमा आउनुअघि उनले राष्ट्रिय महिला भलिबल टोलीको खेलाडीका रूपमा समेत देशको प्रतिनिधित्व गरेकी थिइन्।

विभिन्न सामाजिककार्यमार्फत जनताको मन जितेर स्थानीय निर्वाचनमा वडा नं २ बाट वडाध्यक्ष पदमा निर्वाचित कामीछिरिङ जनताको सुखदुःखमा सधैँ साथ दिने जनप्रतिनिधि थिए। त्यस्तै, वडा नं ५ बाट निर्वाचित दावामिङ्मार लामो समयदेखि सामाजिक अभियन्ताका रूपमा समाजमा स्थापित र परिचित थिए।

गाउँपालिकाका अध्यक्ष कैसाङ नुर्पु तामाङका अनुसार एकैपटक तीन जना ऊर्जावान्, योग्य र जनताका प्यारा जनप्रतिनिधि गुमाउनुपर्दा सिङ्गो पालिका इतिहासकै ठूलो सङ्कट र शोकमा डुबेको छ। उनले पालिकाले अपूरणीय क्षति व्यहोर्नुपरेको बताए।

भदौ १० गते गोसाइँकुण्ड गाउँपालिका–२ स्थित घट्टेखोला टिमुरे र स्याफ्रुबेँसी क्षेत्रमा भोटेकोशी नदीको बाढीले भीषण रूप लिएको थियो। बाढीले स्थानीय बजार, थुप्रै घर र भौतिक संरचना बगाएर पूर्ण रूपमा क्षतिग्रस्त बनाएको थियो।

बाढी गएको एक महिना बितिसक्दा स्थानीय प्रशासन र सुरक्षा निकायको खोजीकार्य जारी रहे पनि हालसम्म पनि बेपत्ताहरूको कुनै जानकारी पाइएको छैन। विपद्को यस कठिन घडीमा बेपत्ताका परिवारसँगै सिङ्गो रसुवावासी गहिरो शोकमा डुबेका छन्। गाउँपालिकाका थुप्रै कर्मचारी, शिक्षक–शिक्षिका, बालबालिकासमेत बेपत्ता भएका छन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन